## वैठक नं ३८

मिति : २०७५/०६/११

आज मिति २०७५ साल असोज ११ गते विहिवार विहान ८.०० वजे खाँदवारी नगर कार्यपालिकाका प्रमुख श्री मुरारीप्रसाद खतिवडा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको सैतिसौ वैठक वसी देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | नगर कार्यपालिका प्रमुख | श्री मुरारीप्रसाद खतिवडा |
| २. | नगर कार्यपालिका उप-प्रमुख | श्री डेगेश्वरी श्रेष्ठ |
| ३. | नगर कार्यपालिका सदस्य | श्री निरञ्जन श्रेष्ठ |
| ४. | नगर कार्यपालिका सदस्य | श्री ज्ञानवहादुर श्रेष्ठ |
| ५. | नगर कार्यपालिका सदस्य | श्री देवराज घिमिरे |
| ६. | नगर कार्यपालिका सदस्य | श्री सजित राई |
| ७. | नगर कार्यपालिका सदस्य | श्री श्यामप्रसाद निरौला |
| ८. | नगर कार्यपालिका सदस्य | श्री दयानिधी वराल |
| ९. | नगर कार्यपालिका सदस्य | श्री मौसम आले मगर |
| १०. | नगर कार्यपालिका सदस्य | श्री डम्वरवहादुर कटुवाल |
| ११. | नगर कार्यपालिका सदस्य | श्री टिकाराम कुमाल |
| १२. | नगर कार्यपालिका सदस्य | श्री केशव राजसिं थापा |
| १३. | नगर कार्यपालिका सदस्य | श्री नगेन्द्र गुरुङ्ग |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सुनीता कटुवाल कार्की |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कुङ्गाङ लामा |
| १६. | नगर कार्यपालिका सदस्य | श्री वालकुमारी सोडारी |
| १७. | नगर कार्यपालिका सदस्य | श्री इन्द्रमाया वराइली |
| १८. | नगर कार्यपालिका सदस्य | श्री गोपी घिमिरे |
| १९. | नगर कार्यपालिका सदस्य | श्री चन्द्रकला तामाङ्ग |
| २०. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी राई सुनुवार |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पदमलाल सार्की |
| २२. | का.वा. नगरकार्यपालिका सदस्य | श्री लिलावहादुर गुरुङ्ग |
| २३. | का.वा. नगरकार्यपालिका सदस्य | श्री प्रकास चन्द्र श्रेष्ठ |
| २४. | नगर कार्यपालिका सचिव | श्री कृष्णकुमार निरौला |
| २५. | ईन्जिनियर | श्री सुरज श्रेष्ठ |
| २६. | लेखापाल | श्री सरोज कुमार श्रेष्ठ |
| २७. | ना.सु.(वैठक निर्णय लेखन) | श्री गणेश श्रेष्ठ |

अनुसूचि १

# खाँदवारी नगरपालिका

## मर्मत संभार कोष संचालन कार्यविधि, २०७५

प्रमाणिकरण मिति २०७५।६।१०

**प्रस्तावना :**

भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । नगर क्षेत्रमा सडकहरुको ट्रयाक खन्ने कार्य वढ्दो छ र वनिसकेको सडकमा यातायात सूचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ । तसर्थ सडक, सिचाई, भवन जस्ता पुर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो वनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी खाँदवारी नगरकार्यपालिकाले यो कार्यविधि वनाएकोछ ।

## परिच्छेद – १ (एक)

### १. संक्षिप्त नाम र प्रारंभ :

क) यो निर्देशिकाको नाम "मर्मत सभार कोष संचालन निर्देशिका २०७५" रहने छ ।

ख) यो निर्देशिका तत्काल लागु हुनेछ ।

### २. परिभाषा :

क) "निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ लाई वुझाउने छ ।

ख) "नगरपालिका" भन्नाले खाँदवारी नगरपालिका वुझाउने छ ।

ग) "स्थानीय तह " भन्नाले खाँदवारी नगरपालिकालाई वुझाउने छ ।

घ) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनावाट प्रत्यक्ष सेवा पुग्ने समूहवाट उक्त योजना संचालन गर्न वनेको संगठन भन्ने वुझाउने छ ।

## परिच्छेद – २ (दुई)

### ३. व्यवस्थापन समिति

क) मर्मत सम्भार कोषलाई वढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय वमोजिमको एक मर्मत सम्भार कोष वयवस्थापन समिति रहने छ :

| | | |
|---|---|---|
| १ | नगर प्रमुख | अध्यक्ष |
| २ | पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ३ | वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५ | नगरकार्यपालिकाका सदस्यहरु मध्येवाट १ जना महिला सहित समितिले तोकेको २ जना | सदस्य |

ख)	समितिको बैठक कम्तिमा ६ महिनामा एकपटक वस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक वस्न सक्नेछ ।

ग)	बैठक भत्ता नगर कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

घ)	बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी एवं कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

ङ)	मर्मत संभार कार्यको लागि कार्यपालिकाले उपसमिती गठन गर्न सक्नेछ ।

## परिच्छेद तीन

### ४. कोष स्थापना :

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय वमोजिमको रकम जम्मा हुनेछ :

क)	नेपाल सरकारवाट प्राप्त अनुदान रकम ।

ख)	प्रदेश सरकारवाट प्राप्त हुने रकम ।

ग)	नगरसभावाट विनियोजित भएको रकम ।

घ)	राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुवाट प्राप्त हुने रकम ।

ङ)	नगर सभाले मर्मत सम्भार कोषका लागि भनी छुट्टाएको रकम ।

च)	नगरपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्वन्धी योजनाहरुको भुक्तानी रकमको २% ले हुन आउने रकम ।

छ)	ऋणवाट प्राप्त हुने रकम ।

ज)	अन्य स्थानीय तहवाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

झ)	विविध ।

### ५.	कोष सञ्चालन

क)	कोषको नाममा प्राप्त हुन आएको रकम खाद्वारी नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

ख)	कोषको खाता प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखले तोकेको कर्मचारीको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ ।

ग)	कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ ।

घ)	कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन वमोजिम हुनेछ ।

## परिच्छेद – ४ (चार)

### ६. कोषको खर्च प्रणाली

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय वमोजिमको पूर्वाधार विकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्वन्धि कार्यमा मात्र खर्च गरिनेछ :

१)	सडक, कल्भर्ट, पूल, ढल आदीको मर्मत सम्भार सम्वन्धी कार्य ।

२)	सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संम्भार सम्वन्धी कार्य ।

३)	विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्वन्धी कार्य ।

४)	सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्वन्धी कार्य ।

५)	विपद व्यवस्थापन सम्वन्धमा हुने आकस्मिक कार्य ।

६)     नगरपालिकाको ब्याक्होलोडर, ट्याक्टर, टिफर लगायत अन्य उपकरणहरुवाट गरिएको मर्मत कार्यको तेल खर्च, मर्मत सम्भार खर्च रकम

**७. मर्मत सम्भारको लागि छनौटको मापदण्ड :**

उपभोक्ता समितिवाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटवजार व्यवस्थापन समितिवाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क)     सवैभन्दा वढी क्षति भएको भौतिक संरचनाहरु ।

ख)     नगर यातायात गुरुयोजना MTMP मा परेका सडकहरु ।

ग)     भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

घ)     लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।

ङ)     मर्मत सम्भारवाट हुने आर्थिक लाभको आधारमा ।

च)     सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा ।

छ)     दुई वा दुई भन्दा वढि स्थानीय तहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भर्ट, कुलो पैनी, वााध आदी ।

ज)     आकस्मिक विपद र हुन सक्ने सम्भावना आदि ।

**८. मर्मत सम्भार कार्य गराउने व्यवस्था :**

नगर भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्तावाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । नगरपालिकामा रहेका अन्य उपकरण र साधनवाट मर्मत सम्भार गराएमा त्यसको तेल खर्च आदि रकम भुक्तानी समेत गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन वमोजिम हुनेछ ।

## परिच्छेद – ५ (पाँच)

**९.     संसोधन वा खारेजी :**

क)     मर्मत सम्भार कोष संचालन निदेर्शिका संसोधन वा खारेज गर्नु परेमा नगरकार्यपालिकावाट हुनेछ ।

ख)     यो निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग)     यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ साग वाभिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

निर्णय नं १

खाँदवारी नगरपालिका र SNRTP  का पदाधिकारीहरुको विचको मिति २०७५ साल असोज ०६ गते वसेको संयुक्त भेलावाट भएको सहमति अनसार तपसिल वमोजिमको प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

१. खाँदवारी - कल्छेवेसी - पांठा डके र सित्तलपाटी हेलुवावेशी सडक  लगत कट्टा गर्न SNRTP लाई अनुरोध गर्ने ।

२. देहायका सडकहरुलाई मर्मत गर्नको लाभि प्रदेश मन्त्रालयसंम अनुरोध गर्ने ।

क. खाँदवारी - कल्छेवेसी -  पांठा - डके सडक

ख. मानेभन्ज्याङ्ग –सित्तलपाटी - हेलुवावेशी सडक

ग. खाँदवारी - राम्चे - लेव्राङ सडक

घ. खाँदवारी - वडहरेनी सडक

ङ. भेडेटार - पिप्ले - खोरण्डे - चेवा चारवर सडक

३. विगत सालहरुमा SNRTP वाट निर्माण भएका देहाय वमोजिमका सडकहरुको Pupgrading वजेट प्राप्त नभएसम्म Peroidic maintence मर्मत गरिदिन SNRTPसँस्थालाई अनुरोध गर्ने निर्णय गरियो ।

- खाँदवारी - कल्छेवेसी -  पांठा - डके सडक
- मानेभन्ज्याङ्ग –सित्तलपाटी - हेलुवावेशी सडक

निर्णय नं २

चालु आर्थिक वर्षको मानव संसाधन विकास (न.पा तर्फको) शिर्षकमा छुट्याईएको रकम मध्येवाट देहायका तालिम कार्यक्रमहरु यथाशिघ्र संचालन गर्ने निर्णय गरियो :

क) जनप्रतिनिधि र कर्मचारीहरुलाई कम्प्यूटर सम्वन्धी तालिम (सम्भव भएसम्म वडास्तरमा)

ख) वडाध्यक्ष / वडासचिव / सामाजिक परिचालकहरुलाई कार्यालयस सञ्चालन र सिफारिसहरु सम्वन्धी आधारभूत ७ दिने तालिम

ग) न्यायीक समिति, कार्यपालिका सदस्य, वडाध्यक्षहरु, वडासचिवहरु र कर्मचारीहरु समेतका लागि २०७५ भाद्र १ गते देखि लागु भएको देवानी तथा फौजदारी संहिता सम्वन्धी २ दिने आधारभूत तालिम

निर्णय नं. ३

संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयवाट मनकामना मन्दीरको DPR सहितको  गुरुयोजना निर्माणका लागि प्राप्त भएको रु.५० लाख मध्येवाट देहाय वमोजिमको कार्यहरु गर्नको लागि कार्यक्रम संसोधन गरिदिन हुनका लागि संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय काठमाण्डौमा अनुरोध गर्ने निर्णय गरियो ।

क) मनकामना मन्दीरको DPR सहितको  गुरुयोजना निर्माणका लागि रु.२० लाख

ख) खाँदवारी नगरपालिकाको DPR सहितको  पर्यटन गुरुयोजना निर्माणका लागि रु.२० लाख

ग) खाँदवारी नगरपालिका वडा नं ४ स्थित पर्यटक पदमार्ग (५००५ सिंडी निर्माण)का लागि रु.१०लाख

निर्णय नं. ४

संघिय सरकारको आर्थिक ऐनमा भएको नयाँ ब्यवस्था अनुसार एकिकृत सम्पत्ति करको सट्टामा सम्पत्ति कर लगाउन पाउने ब्यवस्था भए अनुरुप सो सम्वन्धी आवस्यक समिति निर्माण, कार्यविधि निर्माण लगायत तालिम कार्यक्रम समेत सञ्चालन गरी आवस्यक ब्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५

चालु आर्थिक वर्षमा एकिकृत नगर विकास योजना शुरु हुन लागेकोले सो कार्यलाई सहयोग पुऱ्याउन प्रत्येक वडा कार्यालयले वडा सचिव / सामाजिक परिचालक र अन्य कर्मचारीहरु परिचालन गरी आ-आफ्नो वडाको यथाशिघ्र नगर प्रोफायल तयार गरी पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नगर क्षेत्र भित्रको सडकले ओगटेको जग्गाहरुको लगत कट्टा गर्न हाल सम्म वाँकी रहेकोले सो कार्यका लागि नापी विभागवाट खटिएका सर्भेक्षकलाई आवस्यक सहयोग पुऱ्याउन यस नगरपालिकाको रिक्त रहेको सर्भेक्षक पदको करारमा पूर्ति गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

मनकामना गाउँ सेवा परिषदले मनकामना क्षेत्रमा घाट ब्यवस्थापनका लागि पेश गरेको प्रस्तावलाई स्वीकृत गरी सो कार्यकोलागि राजश्व वाँडफाँट कार्यक्रमको व.ख.शि.नं. २५३१४ धार्मिक तथा साँस्कृतीक संस्था सहायतामा विनियोजित रकम रु. ३ लाख मध्येवाट

मध्येवाट खर्च गर्ने गरी रु.२ लाख ३६ हजार मनकामना क्षेत्र गुरुयोजनाको नाममा खाता खोल्न लगाई विउ पूँजिको रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ) ६ वमोजिम ढुङ्गा, गिटी, वालुवा, माटो, काठ, दाउरा, स्लेट, जराजुरी र खरिढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर संकलनको व्यवस्था रहे वमोजिम खाँदवारी नगरपालिका आर्थिक ऐन २०७५ को दफा १७ वमोजिमको अधिकार प्रयोग गरी देहाय वमोजिम दर रेट तोक्ने निर्णय गरियो ।

नगरक्षेत्र भन्दा वाहिर विक्री तथा निकासीको लागि तोकीएको दररेट (प्रति धन फिट)

क) ढुङ्गा र गिटी रु. २।

ख) वालुवा, माटो (भरौट) रु. १।

ग) काठ, दाउरा र जराजुरी रु. २।

घ) स्लेट र खरिढुङ्गा रु. २।

ङ) अन्य प्राकृतीक तथा खानीजन्य वस्तु रु. १।५०

निर्णय नं. ९

स्थानीय सरकार संचालन ऐन २०७४को दफा ६४ (१) च वमोजिम अरुण नदी (नगरपालिका सिमाना तर्फको नदीको आधा भाग मात्र) र सभाखोला (नगरपालिका सिमाना तर्फको नदीको आधा भाग मात्र) को प्रारम्भिक वातावरणीय परिक्षण गराई सो प्रतिवेदन जिल्ला समन्वय समिति सङ्खुवासभाको मिति २०७५/०६/०६ को निर्णय अनुसार स्वीकृत भएकोले प्रदेश सरकारको आर्थिक ऐनको अनुसूची ४ वमोजिम तोकेको दररेटमा र प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले तोकेको स्थान र मात्रामा ढुङ्गा, गिटी, वालुवा, माटो, काठ, दाउरा, स्लेट, जराजुरी र खरिढुङ्गा आदि उठाउन पाउने गरी ठेक्का वन्दोवस्त गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

निर्णय नं. ८ र ९ वमोजिम वार्षिक ठेक्का वन्दोवस्त गर्नको लागि ठेक्काको न्यूनतम कवोल अंक (भ्याट वाहेक) एकमुष्ट रु. ३० लाख तोक्ने निर्णय गरियो । मिति २०७५/०६/०१ गतेवाट अरुण नदी र सभाखोलावाट वालुवा, ढुङ्गा, गिटी आदि उत्खनन् गर्न प्रारम्भ भई सकेको र मिति २०७५/०६/०६ मा मात्र जिल्ला समन्वय समितिवाट प्रारम्भिक वातवरणीय परिक्षण स्वीकृत भएको हुँदा उक्त ठेक्का वन्दोवस्तका लागि समय अभाव रहेकोले १५ दिने सार्वजानिक सूचना प्रकाशन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ११

नगरपालिकालाई आवस्यक पर्ने ऐन, नियम, निर्देशिका आदिको मस्यौदा निर्माण गर्नको लागि नियम अनुसार परामर्शदाताहरु मार्फत उक्त कार्य गराउने निर्णय गरियो ।

निर्णय नं. १२

साविकमा रहेको महिला, वालवालिका तथा जेष्ठ नागरिक भवन हाल रिक्त अवस्थामा रहेको साथै हाल सम्म महिलाहरुको सेफ हाउस कतै पनि नभएको हुनाले उक्त रिक्त भवनमा महिलाहरुको सेफ हाउस स्थापना गर्नको लागि आवश्यक वजेट र कार्यक्रम महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

खाँदवारी नगरपालिकाको तेस्रो नगरसभावाट पारित नगरकार्यापालिकाको विनियोजन विधेयक २०७५ वाट समेत पारित वजेट सिर्षक नं ३११५० सार्वजनीक निर्माण अन्तरगत मर्मत सम्भारकोष तथा मठ मन्दीर मर्मत संभार एवं सरक्षण कार्यक्रमवाट देहाय वमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियों ।

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रु | ल.ई. | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | रानीछाप वाट दुङ्गेधारा आउने मोटर वाटो मर्मत तथा अर्जुन कुवा मर्मत, ८ | २८ हजार २ सय | ३८८७५।२५ | मर्मत संभार कोष |
| २ | सामुदायीक भवन निर्माण, रातमाटे, ८ | ५ लाख | ११६०८७८।१६ | मर्मत संभार कोष विगत सालको क्रमागत |

| | | | | |
|---|---|---|---|---|
| | | | | विगत सालको क्रमागत |
| ४ | जनता मा.वि. कुलो मर्मत १० | १ लाख | | मर्मत संभार कोष |
| ५ | कुनिनावाट झर्ने वाटो मर्मत ४ | १ लाख | | मर्मत संभार कोष |
| ६ | हिमावि खाँदवारी टेवा पर्खाल १ | ५० हजार | | मर्मत संभार कोष |
| ७ | भोटेवास टोल विकास संस्था सा.भवन मर्मत ४ | १लाख ५० हजार | | मर्मत संभार कोष |
| ८ | रामकुमार कटवालको घर हुंदै चौसट्टी सुवांरा ठाडो वाटो मर्मत ८ | ५० हजार | | मर्मत संभार कोष |
| ९ | लोकतन्त्र प्रा. वि. गेट निर्माण | ७५ हजार | | मर्मत संभार कोष |
| १० | योगीडांडा मन्दीर | ६० हजार | | मठ मन्दीर मर्मत संभार एवं सरक्षण |
| ११ | पूर्णेश्वर शिव मन्दीर मर्मत ३ | १ लाख ५० हजार | | मठ मन्दीर मर्मत संभार एवं सरक्षण |
| १२ | माल्टा दोभान दुब्लीचौतार | ८८ हजार | | मर्मत संभार कोष |